## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०२-२०८१/०८२

मिति २०८१/०५/३१ | समयः बिहानको ११:०० बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| **नामथर** | **पद** |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री गौरी प्रसाद आचार्य | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री जीवन गुरुङ (ज.स्वा.नि. अधिकृत)

श्री गोविन्द प्र. पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८१/०५/३१**

**वैठक संख्याः ०२-२०८१/०८२**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. बाटो सरसफाइ गर्ने सम्बन्धमा ।
३. फलफूल तथा स्थानीय उत्पादनको ठेक्का व्यवस्थापन गर्ने सम्बन्धमा ।
४. जेष्ठ नागरिक विश्रान्ती गृह भवनको लागि वजेट माग गर्ने सम्बन्धमा ।
५. नदीघाटहरुको वातावरणीय परीक्षण गर्ने सम्बन्धमा ।
६. दोस्रो आवधिक योजनाको निर्माण प्रक्रिया सुरुवात गर्ने सम्बन्धमा ।
७. वातावरणविद्को सेवा करार सम्बन्धमा ।
८. बाँदर नियन्त्रण सम्बन्धमा ।
९. झोलुङ्गेपुल निर्माण कार्य सूचारू गर्ने सम्बन्धमा ।
१०. दशैं तिहारको सार्वजनिक विदाको दिनमा काम गर्ने कर्मचारीको भत्ता सम्बन्धमा ।
११. राष्ट्रिय मा.वि. देवघाट-४ मा पालिका अनुदान शिक्षक सम्बन्धमा ।
१२. राष्ट्रिय मा.वि. देवघाट-४ मा माध्यमिक कक्षा ९ र १० मा पढाउने शिक्षकलाई थप रकम सम्बन्धमा ।
१३. राष्ट्रिय शिक्षा दिवस २०८१ असोज २ गतेको कार्यक्रममा एस.इ.इ. र कक्षा १२ मा उत्कृष्ठ अङ्क ल्याउने छात्रा छात्रलाई सम्मानको रकम सम्बन्धमा ।
१४. लागू पदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालानार्थ वजेट सम्बन्धमा ।
१५. कार्यालयको चार पाङ्गे सवारी साधन (ग १ झ ३१८) मर्मत सम्बन्धमा ।
१६. गाउँपालिका प्रशासनिक भवनको अन्तिम भुक्तानी सम्बन्धमा ।
१७. संविधान दिवस मनाउने सम्बन्धमा

**निर्णयहरुः**

**गाउँ कार्यपालिकाको वैठकमा देहाय बमोजिमका निर्णयहरु सर्व सम्मत रुपमा गरियो ।**

**निर्णय नं. १:** यस अघिका कार्यपालिका वैठकमा भएको निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं. २:** देवघाट गाउँपालिका स्थित प्रत्येक वडामा जनप्रतिनिधि र वडा प्राविधिकको रोहवरमा लागत स्टीमेट तयार गरी बाटो सफा गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३:** देवघाट गाउँपालिकाको क्षेत्रमा उत्पादित फलफूल तथा स्थानीय उत्पादनको निकासीको स्थानीय शुल्क उठाउने प्रयोजनको लागि यथाशीघ्र उपाध्यक्षको संयोजकत्वमा बैठक बसी न्यूनतम रकम कायम गरी ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४:** देवघाट गाउँपालिका वडा नं. ५ गलेश्वर आश्रम परिसरमा सुविधा सम्पन्न जेष्ठ नागरिक विश्रान्ति गृहको DPR तयार गर्नको लागि आ.व. २०८०/०८१ मा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट रु. २५ लाख बजेट विनियोजन भई आएकोमा उक्त बजेटबाट DPR निर्माण गरी जग्गा

संरक्षण गर्ने कार्य सम्पन्न भएकोले उक्त विश्रान्ति गृह भवन निर्माणको लागि DPR बमोजिमको बजेट सम्बन्धित मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** देवघाट गाउँपालिका स्थित निम्न नदी घाटहरुबाट नदीजन्य पदार्थ उत्खननका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | नदीघाटको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | वर्षाखोला/कोठीघाट | |
| २ | २ | छेराङ्गा खोला, तातोखोला, चिन्ने खोला | |
| ३ | ३ | नाल्दीघाट, साराङ्घाट | |
| ४ | ४ | गाईघाट | |
| ५ | ५ | चाँपखोला-क्कादी खोला, सेती भतेरी, भूवनटारघाट, वगई घाट | |

**निर्णय नं. ६:** देवघाट गाउँपालिकाको आ.व. २०८१/०८२-२०८६/०८७ सम्मको लागि ५ वर्षे आवधिक योजना निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७:** देवघाट गाउँपालिकाको विभिन्न नदीघाट तथा वनजंगलको वातावरण सम्बन्धी परामर्श सेवा लिनको लागि गत आ.व.मा तोकिएको सेवा सुविधा बमोजिम साविकमा काम गरेका वातावरणविद् दिपा शर्मालाई वातावरण परामार्शदाताको रुपमा निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ८:** विगत केही समय देखि देवघाट गाउँपालिका वडा नं. ५ मा बाँदर आतंकबाट स्थानीयबासी प्रभावित भई बाँदर आतंक नियन्त्रणका लागि गाउँपालिकामा ज्ञापनपत्र पेश भई छलफल हुँदा बाँदर आतंक न्यूनीकरण सम्बन्धमा अध्ययन गरी राय सुझाव पेश गर्नको लागि तपसिल बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

१) संयोजक - श्री पूर्ण बहादुर कुँवर, ५ नं. वडा अध्यक्ष, देवघाट गाउँपालिका
२) सदस्य - श्री कृष्ण प्रसाद भट्ट, सव डिभिजन वन कार्यालय, देवघाट
३) सदस्य - श्री दिननाथ न्यौपाने, देवघाट क्षेत्र विकास समिति
४) सदस्य - प्रतिनिधि, गलेश्वर आश्रम, देवघाट
५) सदस्य - प्रतिनिधि, हरिहर आश्रम, देवघाट
६) सदस्य - प्रतिनिधि, महेश सन्यास आश्रम, देवघाट
७) सदस्य - प्रमुख, इलाका प्रहरी कार्यालय, देवघाट
८) सदस्य - प्रतिनिधि, मणिमुकुन्देश्वरी टोल वि. संस्था
९) सदस्य सचिव - पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख, देवघाट गाउँपालिका

**निर्णय नं. ९:** देवघाट-५ भूवनटारघाट र भरतपुर म.न.पा.-२९ भतेरी जोड्ने झोलुङ्गे पुल निर्माणका लागि विगत आ.व.मा टेण्डर भई निर्माण कार्य प्रारम्भ हुँदा देवघाट तर्फको जग्गामा कुनै विवाद नरहेको र चितवन तर्फको जग्गामा केही स्थानीयबासीहरुबाट विवाद उत्पन्न भएको कारणबाट निर्माण कार्य अवरोध भएकोमा हाल चितवन तर्फको पुल निर्माण स्थलको जग्गा केही स्थानीयबासी सकारात्मक भएको केही व्यक्तिहरुको अवरोध भएकोले सो सम्बन्धमा विवाद समाधानका लागि भरतपुर म.न.पा.मा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:** यस वर्षको वडा दशै तथा तिहारको सार्वजनिक विदाका दिन देवघाट गाउँपालिकाको कार्यालयको रेखदेख निरीक्षण तथा स्वास्थ्य संस्था एंव स्वास्थ्य चौकीका स्वास्थ्य सेवामा खटिने कर्मचारीलाई दैनिक रु. १०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११:** देवघाट गाउँपालिका वडा नं. ४ स्थित राष्ट्रिय मा.वि. मा पालिका अनुदान अन्तर्गत माध्यमिक तह अङ्ग्रेजी विषयको शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** देवघाट गाउँपालिका वडा नं. ४ स्थित राष्ट्रिय मा.वि. मा माध्यमिक तह कक्षा ९ र १० अध्यापन गराउने शिक्षकहरुलाई मासिक रु. ५०० थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** राष्ट्रिय शिक्षा दिवस २०८१ असोज २ गतेको कार्यक्रममा एस.ई.ई. र कक्षा १२ मा उत्कृष्ट अङ्क ल्याउने सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयका छात्रा छात्रलाई सम्मान स्वरुप निम्न बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

क) एस.ई.ई. मा उत्कृष्ट अङ्क ल्याउनेलाई जनही रु. १०,०००/- का दरले ३ जनालाई
ख) कक्षा १२ मा उत्कृष्ट अङ्क ल्याउनेलाई जनही रु. १५,०००/- का दरले ४ जनालाई

**निर्णय नं. १४**: लागू पदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालनका लागि आगामी हिउँदे गाउँसभाबाट वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:** देवघाट गाउँपालिकाको कार्यालयको नाममा रहेको ग १ झ ३१८ नं. को चार पाङ्गे सवारी साधन लगातार मर्मत गर्दा पनि विभिन्न समस्या आएकोले महेन्द्र स्कारपियोको आधिकारीक सर्भिस सेन्टर सेन्ट्रल सर्भिस सेन्टर प्रा.लि., भरतपुर-४, चितवनसँग मर्मतको कोटेशन माग गरी मर्मत कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १६:** देवघाट गाउँपालिकाको प्रशासकिय भवन निर्माण कार्यको लागि ठेक्का सम्झौता गरेको निर्माण व्यवसायी श्री रविना/अविसा जे.भी. काठमाण्डौं-३२, कोटेश्वरले निर्माण कार्य सम्पन्न गरेको भनी अन्तिम भुक्तानी माग गरेको हुँदा देवघाट गाउँपालिकाको अनुगमन समितिबाट अनुगमन गरी अनुगमन समितिको सिफारिस तथा प्राविधिक मूल्यांङ्कनको आधारमा भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १७:** यहि असोज २, ३ र ४ गते विविध कार्यक्रम सहित संविधान दिवस मनाउने निर्णय गरियो ।